# जनरल इन्स्योरेन्स कम्पनी नेपाल लि.
# GENERAL INSURANCE COMPANY NEPAL LTD.
Your Security Is Our Motto.

च.नं. ११८२ २०७८/०७९
मिति: २०७९/०२/१०

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबारप्लाजा, काठमाण्डौ ।

**बिषय:वार्षिक साधारण सभा प्रयोजनका लागि शेयर दाखिला खारेज दर्ता किताब बन्द गर्ने सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति २०७९ साल जेष्ठ ६ गते बसेको संचालक समितिका बैठकको निर्णय अनुसार कम्पनीको आ.व.२०७७/७८ को चौथो वार्षिक साधारण मिति २०७९/०२/३१ हुने भएको हुँदा चौथो वार्षिक साधारण सभाको प्रयोजनको लागि कम्पनीको शेयर दाखिल खारेज दर्ता किताव मिति २०७९/०२/१९ गतेको लागि बन्द गरिने व्यहोरा निर्णय अनुसार जानकारीको लागि अनुरोध गरिन्छ । चौथो वार्षिक साधारण सभाको सुचनाको प्रतिलिपि यसै पत्र साथ संलग्न गरिएको व्यहोरा जानकारी गरिन्छ ।

आज्ञाले ,

(राम प्रसाद पौडेल)
**कम्पनी सचिव**

**बोधार्थ**
श्री बीमा समिति ,कुपण्डोल,ललितपुर ।
श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।
श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
श्री कुमारी क्यापिटल, नागपोखरी, काठमाडौ ।
श्री सिडीएस एण्ड क्लिरीङ्ग लिमिटेड, पुतलिसडक, काठमाडौं ।

# जनरल इन्स्योरेन्स कम्पनी नेपाल लिमिटेडको चौथो वार्षिक साधारण सभा बस्ने सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७९/२/१० (अन्नपूर्णपोस्ट)

**आदरणीय, शेयरधनी महानुभावहरुः**

यस कम्पनीको मिति २०७९ साल जेष्ठ ६ गतेका दिन अपरान्ह ५:३० बजे बसेको संचालक समितिको बैठकको निर्णय अनुसार तपसिलमा उल्लेख भएका बिषय उपर छलफल गरि निर्णय गर्नको लागि कम्पनीको चौथो वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा बस्ने गरि बोलाईएको हुँदा उक्त चौथो वार्षिक साधारण सभामा उपस्थितिको लागि सम्पूर्ण शेयरधनी महानुभावहरुमा हार्दिक अनुरोध गर्दै कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध गरिन्छ।

**वार्षिक साधारण सभा बस्ने मिति, स्थान र समय**

मिति : २०७९/०२/३१ गते मंगलबार ( तद्अनुसार १४, जुन २०२२ )
स्थान : अमृतभोग, कालिकास्थान, डिल्लीबजार, काठमाडौं।
समय : बिहान, ११:०० बजे

**छलफलका विषयहरु**

**(क) सामान्य प्रस्तावहरुः**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत हुने कम्पनीको आ.व. २०७७/०७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७७/०७८ (NFRS बमोजिमको), २०७७ आषाढ मसान्त सम्मको वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह सम्वन्धी विवरण र सो सम्बन्धी अनुसुचीहरु माथी छलफल गरि पारित गर्ने ।
३. आ.व.२०७८/०७९ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।
४. संचालक समितिबाट नियुक्त गरिएको संचालकको नाम अनुमोदन गर्ने वारे।

**(ख) विशेष प्रस्तावहरुः**

१. बीमा समितिको स्वीकृती लिई चुक्ता पुँजीको ३० प्रतिशत अर्थात १:०३ हकप्रद शेयर जारी गर्ने।
२. कम्पनीको अधिकृत पूँजी, चुक्ता पुँजी र जारी पुँजी वृद्धि गर्ने सम्वन्धी प्रस्ताव पारित गर्ने।
३. निर्जीवन बीमा व्यवसाय गर्ने उपयुक्त कम्पनी गाभ्ने, गाभिने वा प्राप्ति गर्ने सम्वन्धी आवश्यक सम्पुर्ण कार्य गर्ने अख्तियारी संचालक समितिलाई प्रत्यायोजन गर्ने।
४. कम्पनीको अधिकृत पूँजी, चुक्ता पुँजी र जारी पुँजी वृद्धि भए पश्चात कम्पनीको प्रबन्धपत्रमा सोही बमोजिमको संसोधन गर्ने र संसोधन गरिएकोमा नियमनकारी निकायबाट कुनै निर्देशन प्राप्त भएमा सोही निर्देशन बमोजिमको संसोधन गर्ने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने।

**ग) विविधः**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारण सभा सम्वन्धी जानकारीः**

१. चौथो वार्षिक साधारण सभाको प्रयोजनको लागि कम्पनीको शेयर दाखिला खारेजका लागि मिति २०७९/०२/१९ गते दर्ता किताब गते बन्द गरिनेछ।
२. शेयरधनी महानुभावहरुले आफ्नो परिचय दिने आधिकारिक परिचय पत्र तथा साधारण सभा प्रयोजनार्थ जारी प्रवेश-पत्र वा नागरिकताको प्रमाण-पत्र वा शेयर प्रमाण-पत्र लिई आउनु हुन अनुरोध गरिन्छ।
३. नाबालक शेयरवालाहरुको तर्फबाट संरक्षकले भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मत दिन समेत सकनेछन। शेयरवालाको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ।
४. संयुक्त रुपमा शेयर ग्रहण गर्ने शेयरवालाहरुको हकमा शेयरवालाहरुको किताबमा जसको नाम पहिले उल्लेख भएको छ सो व्यक्ति वा संयुक्त शेयरवालाहरुको सर्वसम्मतिबाट आफूहरु मध्ये नियुक्त व्यक्तिले मात्र सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मत दिन सकनेछन।
५. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले प्रतिनिधि (प्रोक्सी) फाराम सभा हुने दिन भन्दा कम्तिमा ४८ घण्टा अगावै कम्पनीको केन्द्रीय कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ। एक जना शेयरधनीले एक जना भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सकिने छैन। एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त भएको पाइएमा सबैभन्दा पहिला कम्पनीमा दर्ता भएको प्रतिनिधि (प्रोक्सी) मात्र मान्य हुनेछ। प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसके पछि प्रतिनिधि (प्रोक्सी) बदर नगरी कुनै शेयरधनीले सभामा भाग लिन चाहेमा भाग लिन सक्नु हुनेछ। तर मतदान गर्न भने पाउनु हुने छैन।
६. सभाको दिन सभा शुरु हुनु भन्दा अगावै सभा कक्षमा उपस्थित भई दिन हुन सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध गरिन्छ।
७. शेयरधनी महानुभावहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा संचालक समितिका अध्यक्ष वा निजले तोकेको पदाधिकारीबाट उत्तर दिइनेछ।
८. विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरस (Covid-19) का कारण सभामा उपस्थित हुँदा कम्तीमा १ मिटरको सामाजिक दुरी कायम हुने गरि हाजिरी तथा सभा स्थलमा बस्ने व्यवस्था कायम गरिने हुँदा भाईरस संक्रमणबाट बच्न तथा बचाउनका लागि आवश्यक पर्ने मास्क, पञ्जा लगायतको न्यूनतम सुरक्षाको मापदण्ड अवलम्बन गर्नु हुन सम्पूर्ण शेयरधनीहरुलाई अनुरोध गरिएको छ।
९. हाजिर पुस्तिका बिहान १०:०० बजेदेखि खुल्ला रहने छ।
१०. सभा सम्बन्धी अन्य विस्तृत जानकारीको लागि कम्पनीको केन्द्रीय कार्यालय, हात्तिसार काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राख्न हुन अनुरोध गरिन्छ। साथै मोबाइल नं. ९८५१११२५७१/ ९८४९५५३७४६ मा समेत सम्पर्क गर्न सक्नु हुनेछ।

**जनरल इन्स्योरेन्स कम्पनी नेपाल लिमिटेड**
**GENERAL INSURANCE COMPANY NEPAL LTD.**
प्रधान कार्यालय हात्तिसार-१, काठमाण्डौ, नेपाल । पो.ब.नं.: २२९०
फोनः ०१-४४४३९४४/ ४४४५८४४ । इमेलः info@generalinsurance.com.np
GENERAL INSURANCE COMPANY NEPAL LTD.